# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, मंसीर ११ गते २०५३ साल ( अतिरिक्ताङ्क ४०

## भाग ३

श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

गाउँ विकास समिति ऐन, २०४८ को दफा ३ को उपदफा (२), नगरपालिका ऐन, २०४८ को दफा ३ को उपदफा (२) र जिल्ला विकास समिति ऐन, २०४८ को दफा ४ को उपदफा (२) को प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल अधिराज्यको गाउँ विकास समिति तथा नगरपालिकाको क्षेत्र र वडाको सीमाना तथा जिल्ला विकास समितिको इलाकाको सीमाना हेरफेर गर्ने सम्बन्धमा सिफारिश पेश गर्न देहायबमोजिमको समिति गठन गरेको छ ।

१. समितिको गठनः

(क) श्री रामकुमार पाण्डे, (प्राध्यापक, त्रि. वि. वि.) – संयोजक

(ख) प्रतिनिधि, नापी विभाग (रा.प. प्र. प्राविधिक) – सदस्य

(ग) श्री खेमराज नेपाल (सहसचिव, स्थानीय विकास मन्त्रालय) – सदस्य-सचिव

२. कार्यावधिः

समितिको कार्यावधि समितिले कार्यारम्भ गरेको मितिले तीन महिनाको हुनेछ ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव

५८८

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।